# संयुक्त प्रेस वक्तव्य
## २०६७ भदौ २०

### मुक्त हलियासँग भएको सम्झौता समयमै कार्यान्वयन सुनिश्चित गरः राष्ट्रिय दलित आयोग, आईएलओ तथा उच्चायुक्तको कार्यालय

काठमाडौं - संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय–नेपाल), अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आईएलओ) तथा राष्ट्रिय दलित आयोग (एनडीसी)ले हलिया मुक्तिको दोस्रो वार्षिकोत्सव मनाउँदै मध्य तथा सुदूरपश्चिमाञ्चलका बँधुवा श्रमबाट पीडित मुक्त हलियाको पुनर्स्थापना कार्य द्रुत गतिमा गर्नका लागि नेपाल सरकारलाई आह्वान गर्न हातेमालो गरेका छन् ।

"बँधुवा हलिया प्रथा निषेध गर्ने तथा मुक्त हलियाको सर्वेक्षण गर्ने सरकारको पहललाई उनीहरूको पुनर्स्थापनातर्फका महत्वपूर्ण कदमका रूपमा हामीले ध्यानमा लिएका छौँ", संयुक्त वक्तव्यमा भनिएको छ । "तर, ऋण खारेज गर्ने, छुट्टै हलिया आयोग गठन गर्ने तथा मुक्त हलियाहरूलाई जमिन वितरण गर्नेलगायतका दुई वर्षअघि हस्ताक्षर गरिएको पाँच बुँदे सम्झौताको कार्यान्वयनमा भएको मन्द प्रगतिप्रति हामी गहिरोसँग चिन्तित छौँ ।"

समयबद्ध रूपमा आफ्नो प्रतिबद्धता पूरा गर्नमा भएको सरकारको विफलताले मुक्त हलियाहरूलाई पुनः एकपटक शोषणको दुष्चक्रमा धकेल्ने तथा उनीहरूको दलित पहिचानका सम्बन्धमा तिनको दुःखलाई अझ बढाउने जोखिममा राख्छ", वक्तव्यमा उल्लेख छ ।

सङ्गठनहरूद्वारा सञ्चालन गरिएका कतिपय निष्कर्षहरूले मुक्त हलियाहरूको अवस्था दयनीय रहेको र खाना, वास, लुगा, स्वास्थ्य र शिक्षामा उनीहरूको झन्डै कुनै पहुँच नरहेको पुष्टि गरेको छ । हलिया महिला र बालबालिकाहरू सर्वाधिक प्रभावितहरूमध्ये पर्दछन् ।

वक्तव्यमा जोड दिइएको छ, "अन्तरिम संविधान, नेपालको सन्धिजन्य दायित्व एवं सन् २००७ अक्टोबरमा सर्वोच्च अदालतले गरेको निर्णयअनुरूप पर्याप्त कानुन तथा नीतिगत उपायहरू अवलम्बन गरी मुक्त हलियाको अर्थपूर्ण पुनर्स्थापना हासिल गर्नका लागि तिनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न हामी सरकारलाई आग्रह गर्दछौँ ।"


| | | |
|---|---|---|
| Office of the High Commissioner for Human Rights | Tel.: + 977 1 4280164<br>Fax: + 977 1 467 0712<br>Website: http://nepal.ohchr.org | For further information, contact<br>Chun Gurung<br>Ext. : 320<br>Email: cgurung@ohchr.org<br>Mobile: 98510 16937 |
| National Dalit Commission, Nepal | Tel: +977 1 4479828<br>Website: http://www.ndc.gov.np | Jeevan Pariyar<br>Email: info@ndc.gov.np<br>Mobile: 9841 385211 |